नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ अंक ८१ २०८३ साल कात्तिक ९ गते सोमबार (26 Oct 2026 Monday) मूल्य रु. ५/-

**बाल अधिकारको संरक्षण**

**बचावटको अधिकार :**
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु ।
**विकासको अधिकार :**
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर ।
**संरक्षणको अधिकार :**
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा ।
**सहभागिताको अधिकार :**
आफ्नो हितका निर्णयमा बोल्न पाउनु ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : असोजमा पाँच अर्ब... ३ पृष्ठमा : जलवायु न्यायलाई प्राथमिकता... ३ पृष्ठमा : युक्रेनले स्टारलिङ्कको सेवा..

# वर्तमान सरकार सामाजिक सञ्जालमा लाईक र कमेन्टमै मस्त : काँग्रेस महामन्त्री संग्रौला




**दैनिक समाचारदाता**
**राजविराज, ८ कात्तिक ।**

नेपाली काँग्रेसका महामन्त्री डा. डिला संग्रौलाले वर्तमान सरकार सामाजिक सञ्जालमा लाईक र कमेन्टमै मस्त रहेको आरोप लगाएकी छिन् ।

नेपाली काँग्रेस सप्तरी क्षेत्र नं. २ क्षेत्रिय समिति, प्रदेशसभा समिति र नगर समितिद्वारा आईतबार संयुक्त रुपमा आयोजित दशैं तिहार र छठ पर्वको शुभकामना आदानप्रदान तथा नेपाली काँग्रेसको १५औं महाधिवेशनमा जिल्लाबाट निर्वाचित केन्द्रिय सदस्यहरुको सम्मान कार्यक्रमलाई प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै महामन्त्री संग्रौलाले यस्तो आरोप लगाएकी हुन् ।

"वर्तमान सरकार जनसरोकारका सबाल र समस्या भन्दा पनि सामाजिक सञ्जालमा लाईक र कमेन्टमै मस्त रहेका छन्, उनले भनिन्-यस्तो पाराले देश बन्दैन् झन संकट तिर धकेलिन्छ ।"

उनले मधेशका जनताले बर्षेनी भोग्ने गरेको बाढी, नदी कटान, मलखाभकस्द, विउ विजन र सिंचाइको अभाव लगायतका समस्या अहिले पनि यथाबतै रहेको बताईन् ।

काँग्रेसको आधार क्षेत्र मधेशको समस्यालाई काँग्रेसले आफ्नै समस्या बुझेको दावी गर्दै उनले अन्नको भण्डार र संघीयताका जननी मधेशको समस्याको दिर्घकालिन र स्थायी समाधान खोज्नुपर्नेमा जोड दिईन् । देशको समृद्धिका लागी मधेश समृद्ध बनाउन आवश्यक रहेको भन्दै उनले त्यसका लागि मधेशमा कृषि क्रान्ति गर्नुपर्ने आवश्वयकता औल्याईन् ।

क्षेत्रिय सभापति शम्भुलाल देवको अध्यक्षतामा आयोजित कार्यक्रममा नवनिर्वाचित केन्द्रिय सदस्य दिनेश कुमार यादव, जितेन्द्र नारायण देव, गीता यादव, इरसाद अन्सारी, ई. शैलेश मिश्र, ई अशोक साह, जिल्ला सभापति रामदेव साह, पुर्व मन्त्री तेजुलाल चौधरी, कञ्चनरुप नगरपालिकाका नगरप्रमुख ललन प्रसाद गुप्ता, सुरुङ्गा नगरपालिकाका नगरप्रमुख गीता चौधरी, तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष अरुण कुमार मंडलले लगायतले पनि शुभकाना दिदै संगठनलाई बलियो बनाउन एकजुट भई अघि बढ्नुपर्नेमा जोड दिएका थिए ।

# पटका तस्करीका आरोपितलाई छुटाउन खोज्ने समूहले प्रहरी इन्चार्जमाथी गरे आक्रमण






**दैनिक समाचारदाता**
**राजविराज, ८ कात्तिक ।**

सप्तरीस्थित नेपाल-भारत सीमा क्षेत्रमा पटका तस्करीका आरोपितलाई छुटाउन खोज्ने समूहले प्रहरी इन्चार्जमाथी नै आक्रमण गरेका छन् ।

जिल्लाको बलान बिहुल गाउँपालिका ५ रामनगर कोदरकट्टीस्थित प्रहरी चौकीका इन्चार्ज असई प्रदीपकुमार बिष्टमाथि आक्रमण भएको हो ।

घटना विवरण अनुसार शनिबार साँझ भारतबाट दिपावलीका लागि विस्फोटक पदार्थ (पटका) ल्याउँदै गरेको अवस्थामा बोदेबरसाईन नगरपालिका ३ का रामदुलार यादवलाई प्रहरीले पटाकासहित नियन्त्रणमा लिएको थियो । पक्राउ परेका यादवलाई छुटाउन पुगेको समूहले प्रहरीमाथि आक्रमण गरेको सप्तरी प्रहरीले जनाएको छ ।

प्रहरीले यादवको साथबाट करिब एक लाख १७ हजार

*बाँकी अन्तिम पृष्ठमा*

## स्वस्थ रहन: जीवनशैली परिवर्तन गरौं

**असन्तुलित खानपिन तथा जीवनशैलीका कारण विभिन्न रोगहरु लाग्न सक्छन् ।**

**त्यसैले,**

- स्वस्थ र सन्तुलित खाना खाऔं,
- शारीरिक क्रियाकलाप तथा नियमित व्यायाम गरौं,
- मदिरा तथा सुर्तिजन्य पदार्थको उपभोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- तनाव व्यवस्थापन गरौं ।



नेपाल सरकार
**विज्ञापन बोर्ड**

# एनपिएलको पुरस्कार राशि घोषणा, विजेताले डेढ करोड पाउने

काठमाडौं, ८ कात्तिक (रासस) ।

नेपाल प्रिमियर लिग ( एनपिएल) को तेस्रो संस्करणको उपाधि जित्ने टोलीले रु एक करोड ५० लाख प्राप्त गर्ने भएको छ ।

अघिल्लो संस्करणको तुलनामा यसपटक विजेता टोलीको पुरस्कार राशि रु ४०

*बाँकी अन्तिम पृष्ठमा*

# असोजमा पाँच अर्ब ९२ करोडको विद्युत् निर्यात

काठमाडौँ, ८ कात्तिक (रासस)।

नेपाल विद्युत् प्राधिकरणले चालु आर्थिक वर्ष २०८३/८४ को असोज महिनामा भारततर्फ रु पाँच अर्ब ९२ करोड ५० लाख बराबरको विद्युत् निर्यात गरेको छ।

बाढीका कारण केही जलविद्युत् आयोजनाको उत्पादन बन्द भई निर्यात प्रभावित भए पनि गत वर्षको असोज र चालु आव भदौको तुलनामा यस वर्ष असोजमा विद्युत् निर्यातबाट प्राप्त कारोबार रकम बढेको छ।

प्राधिकरणका कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले बाढीका कारण निर्यातका लागि स्वीकृति प्राप्त केही जलविद्युत् आयोजनाको उत्पादन बन्द भए पनि असोज महिनामा विद्युत् निर्यातबाट प्राप्त कारोबार रकम बढेको बताउनुभयो।

उहाँका अनुसार असोज महिनामा भारततर्फ निर्यात गरिएको कुल विद्युत् परिमाणमध्ये करिब दुई तिहाइ द्विपक्षीय सम्झौताअनुसार र बाँकी आइएक्समार्फत बिक्री गरिएको थियो।

यसैबीच, भारतको प्रसारण प्रणाली प्रयोग गरी बङ्गलादेशतर्फ हुँदै आएको ४० मेगावाट विद्युत् निर्यात पनि पुनः सुरु भएको छ।

प्राधिकरणको विद्युत् प्रणाली सञ्चालन विभाग (भार प्रेषण केन्द्र) को तथ्याङ्कअनुसार असोज महिनामा भारततर्फ कुल ६३ करोड ३९ लाख ८६ हजार ८ युनिट विद्युत् निर्यात भएको छ। उक्त विद्युत् बिक्रीबाट रु पाँच अर्ब ९२ करोड ५० लाख बराबरको कारोबार भएको हो।

असोज महिनामा भारततर्फ विद्युत् निर्यात दुई माध्यमबाट गरिएको थियो। द्विपक्षीय विद्युत् बिक्री सम्झौताअनुसार भारतको हरियाणा तथा विहार राज्यमा विद्युत् बिक्री गरिएको थियो भने बाँकी विद्युत् भारतीय ऊर्जा विनिमय बजार (आइएक्स) को डे–अहेड तथा रियल टाइम बजारमा प्रतिस्पर्धी दरमा बिक्री गरिएको थियो।

प्राधिकरणले देशभित्रको माग पूरा गरी बचत भएको वर्षायामको विद्युत् प्रत्येक वर्ष भारत एवम् बङ्गलादेशमा निर्यात गर्दै आएको छ। द्विपक्षीय मध्यकालीन विद्युत् बिक्री सम्झौताअनुसार हरियाणा तथा विहार राज्यमा जुनदेखि अक्टोबरसम्म विद्युत् बिक्री गरिन्छ।

गत वर्ष २०८२ को असोज महिनामा भारततर्फ विद्युत् निर्यातबाट रु चार अर्ब ९६ करोड ३० लाख बराबरको कारोबार भएको थियो। चालु आर्थिक वर्षको भदौमा यस्तो कारोबार रकम रु पाँच अर्ब नौ करोड २५ लाख रहेको थियो। यसअनुसार गत वर्षको असोजको तुलनामा यस वर्षको असोजमा निर्यात कारोबार रकम रु ९६ करोड २० लाखले र भदौको तुलनामा ८३ करोड २५ लाख रुपैयाँले बढेको छ। चालु आवको पहिलो तीन महिना साउन, भदौ र असोजमा विद्युत निर्यातबाट कुल रु १६ अर्ब १५ करोड १३ लाख बराबरको कारोबार भएको छ।

**बङ्गलादेशतर्फ ४० मेगावाट विद्युत् निर्यात पुनः सुरु**

नेपालबाट भारतको प्रसारण संरचना प्रयोग गरी बङ्गलादेशतर्फ हुँदै आएको ४० मेगावाट विद्युत् निर्यात गत शुक्रबार, कात्तिक ६ गते साँझदेखि पुनः सुरु भएको छ। भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको हिमबाढीका कारण त्रिशूली नदीमा आएको बाढीले बङ्गलादेश निर्यातका लागि स्वीकृति प्राप्त त्रिशूली र चिलिमे जलविद्युत् केन्द्रमा क्षति पुर्‍याएपछि निर्यात रोकिएको थियो। बाढीका कारण द्विपक्षीय सम्झौताबमोजिम स्वीकृति प्राप्त जलविद्युत् केन्द्रमा क्षति पुग्दा भारतको हरियाणा राज्यतर्फको विद्युत् निर्यात आंशिक रूपमा प्रभावित भएको थियो।

भारतको केन्द्रीय विद्युत् प्राधिकरणबाट अन्य जलविद्युत् केन्द्रबाट उत्पादित विद्युत् बङ्गलादेशतर्फ निर्यात गर्न स्वीकृति प्राप्त भएपछि निर्यात पुनः सुरु भएको प्राधिकरणका कार्यकारी निर्देशक श्रेष्ठले बताउनुभयो। नयाँ व्यवस्थाअनुसार त्रिशूली, देवीघाट र चिलिमे जलविद्युत् केन्द्रको सट्टा सोलु, काबेली-१ र तल्लो मोदी जलविद्युत् केन्द्रबाट उत्पादित विद्युत् बङ्गलादेश तथा हरियाणातर्फ निर्यात गर्न स्वीकृति प्राप्त भएको हो।

नेपाल विद्युत् प्राधिकरण र बङ्गलादेश पावर डेभलपमेन्ट बोर्ड (बिपिडिबी) बीच २०८१ असोज १७ गते वर्षायामको विद्युत् निर्यातसम्बन्धी पाँच वर्षीय सम्झौता भएको थियो। सम्झौताअनुसार प्रत्येक वर्ष जुन १५ देखि नोभेम्बर १५ सम्मको ६ महिनाको अवधिमा दैनिक ४० मेगावाट विद्युत् बङ्गलादेशमा निर्यात हुँदै आएको छ।

यसैबीच, भारतको केन्द्रीय विद्युत् प्राधिकरणबाट थप ३१ मेगावाट विद्युत् निर्यात अनुमति प्राप्त भएको छ। नयाँ अनुमतिसँगै भारततर्फ निर्यात गर्न स्वीकृति प्राप्त कुल विद्युत् क्षमता करिब एक हजार १७९ मेगावाट पुगेको छ।

## सम्पादकीय

### सीमा नाकामा कडाइ आवश्यक

नेपाल-भारत खुला सीमाका कारण दुई देशका नागरिकबीच सामाजिक, सांस्कृतिक तथा आर्थिक सम्बन्ध लामो समयदेखि कायम रहँदै आएको छ। खुला सीमाले दैनिक जीवनमा सहजता दिएको भए पनि यसको दुरुपयोग गर्दै हुने तस्करी, अवैध ओसारपसार, चोरी-पैठारी तथा अन्य गैरकानुनी गतिविधि नियन्त्रण गर्नु राज्यको महत्वपूर्ण दायित्व हो। त्यसैले सीमा नाकामा प्रभावकारी निगरानी र आवश्यक कडाइ अहिलेको आवश्यकता बनेको छ। सीमा क्षेत्रमा सुरक्षा निकायको उपस्थितिलाई प्रभावकारी बनाउँदै शंकास्पद गतिविधिमाथि निगरानी बढाउनुपर्छ।

अवैध सामानको ओसारपसार रोक्न नियमित जाँच, सूचना आदान-प्रदान र आधुनिक प्रविधिको प्रयोग आवश्यक छ। सीमा क्षेत्रमा हुने गैरकानुनी गतिविधिमा संलग्न व्यक्ति वा समूहलाई राजनीतिक तथा अन्य कुनै दबाबका आधारमा उन्मुक्ति दिनु हुँदैन। तर सीमा नाकामा कडाइ भन्नाले सर्वसाधारणको आवतजावतमा अनावश्यक दुःख दिनु भने होइन। रोजगारी, व्यापार, उपचार, शिक्षा तथा पारिवारिक सम्बन्धका कारण सीमा वारपार गर्ने नागरिकलाई सहज र सम्मानजनक व्यवहार गरिनुपर्छ। सुरक्षा जाँच व्यवस्थित, पारदर्शी र नागरिकमैत्री हुनुपर्छ। विशेषगरी सीमावर्ती क्षेत्रमा तस्करी नियन्त्रणका लागि स्थानीय प्रशासन, सुरक्षा निकाय, स्थानीय तह र नागरिकबीच सहकार्य आवश्यक छ।

सीमा सुरक्षालाई केवल सुरक्षाकर्मीको जिम्मेवारीका रूपमा होइन, राष्ट्रिय हित र नागरिक सुरक्षासँग जोडिएको साझा विषयका रूपमा लिनुपर्छ। सीमा नाका सुरक्षित भए मात्रै देशको अर्थतन्त्र, सामाजिक सुरक्षा र कानुनी शासन बलियो हुन्छ। तसर्थ गैरकानुनी गतिविधिमा कडाइ गर्दै सर्वसाधारणको वैध आवागमनलाई सहज बनाउने नीति नै सीमा व्यवस्थापनको आधार बन्नुपर्छ।

## सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ। तर, यसबारे धेरैलाई जानकारी छैन्। धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन्।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन्। छिन्नमस्ता गाउँपालिकामा अवस्थित यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन्। मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ।

**कंकालिनी मन्दिर** : हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो।

**शम्भुनाथ मन्दिर** : यो शम्भुनाथ नगरपालिकाभित्र छ। मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ। यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ। साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ।

**हनुमान मन्दिर** : हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ। कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन्। जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन्।

**कोशी टप्पु** : कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन्। कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित विभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ।

**धारापानी क्षेत्र** : चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ। यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ।

**लोहजारा दह** : तिरहुत गाउँपालिकामा रहेको छ यो दह। यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ। यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं।

**जनहीतका लागि : राजविराज दैनिक**

# पोलियो अन्त्यको सन्देश बोकेर उपत्यकाका सात सम्पदा स्थलमा ५०० बढी साइकल यात्री

काठमाडौँ, ८ कात्तिक (रासस)।

विश्व पोलियो दिवसको अवसरमा शनिबार काठमाडौँ उपत्यकाका सातवटा विश्व सम्पदा स्थललाई जोड्दै ५०० भन्दा बढी साइकल यात्रीले पोलियो उन्मूलनको सन्देश फैलाएका छन्।

रोटरी इन्टरनेशनल डिस्ट्रिक्ट ३२९२ अन्तर्गतको पोलियोप्लस उपसमितिले पोलियो रोगविरुद्ध जनचेतना बढाउने उद्देश्यले मेगा साइकल र्‍याली आयोजना गरेको हो।

'इन्ड पोलियो नाउ' अर्थात् 'पोलियो अन्त्य गरौं' भन्ने नारासहित भएको र्‍यालीमा विभिन्न रोटरी क्लबका सदस्य, साइकल यात्री तथा अन्य सहभागीहरू जोडिएका थिए।

भक्तपुर दरबार स्क्वायरबाट बिहान सुरु भएको र्‍याली चाँगुनारायण, बौद्ध, पशुपतिनाथ, स्वयम्भू र हनुमानढोका दरबार स्क्वायर हुँदै ललितपुरको पाटन दरबार स्क्वायरमा पुगेर सम्पन्न भएको थियो। र्‍यालीले काठमाडौं उपत्यकाका सातवटा युनेस्को विश्व सम्पदा स्थललाई समेटेको थियो।

ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनसँगै बालबालिकालाई पोलियोबाट जोगाउन नियमित खोपको महत्त्वबारे सन्देश दिन र्‍याली आयोजना गरिएको आयोजकले जनाएको छ।

र्‍यालीको उद्घाटन समारोहमा रोटरी इन्टरनेशनल डिस्ट्रिक्ट ३२९२ का डिस्ट्रिक्ट गभर्नर रोटरियन विष्णुबहादुर कार्की, भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति, रोटरी पोलियो ब्रान्ड एम्बासडर तथा मिस वर्ल्ड नेपाल दीपमाला धकाललगायत विभिन्न रोटरी क्लबका प्रतिनिधिहरू सहभागी हुनुहुन्थ्यो। त्यसैगरी रोटरी क्लब आफ आरसी भक्तपुरले कार्यक्रम आयोजना गरेको थियो। क्लबका अध्यक्ष दशरथ प्रजापतिले यस्ता कार्यक्रम आगामी दिनमा पनि सञ्चालन गर्ने बताउनुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बालबालिकालाई रोगबाट सुरक्षित राख्न नियमित खोप र जनचेतनाको महत्त्व रहेको बताउनुभयो।

"बालबालिकाको स्वास्थ्य सुरक्षित राख्नु परिवारको मात्र नभई सिंगो समाजको जिम्मेवारी हो, पोलियोजस्तो रोगबाट बच्न नियमित खोप आवश्यक छ। यस्ता अभियानले स्वास्थ्यसम्बन्धी सन्देश समुदायसम्म पुर्‍याउन सहयोग गर्छन्" प्रजापतिले भन्नुभयो।

रोटरी इन्टरनेशनल डिस्ट्रिक्ट ३२९२ का डिस्ट्रिक्ट गभर्नर रोटरियन विष्णुबहादुर कार्कीले पोलियो उन्मूलनका लागि निरन्तर जनचेतना र सामूहिक प्रयास आवश्यक रहेको बताउनुभयो।

रोटरी पोलियो ब्रान्ड एम्बासडर तथा मिस वर्ल्ड नेपाल दीपमाला धकालले पोलियोबारे जनचेतना फैलाउन समाजका सबै पुस्ताको सहभागिता आवश्यक रहेको बताउनुभयो।

हरेक वर्ष अक्टोबर २४ मा मनाइने विश्व पोलियो दिवसले पोलियो रोगको विश्वव्यापी उन्मूलनका लागि भइरहेका प्रयासलाई बलियो बनाउने उद्देश्य राख्छ। यस अवसरमा नियमित खोपको महत्त्व, रोगबारे जनचेतना र बालबालिकाको स्वास्थ्य सुरक्षामा जोड दिने गरिन्छ।

# 'राजनीतिकर्मी अनुसन्धानकर्ता पनि हुनुपर्छ'

भक्तपुर, ८ कात्तिक (रासस)।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेले राजनीतिकर्मीले राजनीति मात्रै नगरेर अनुसन्धान पनि गर्नुपर्ने बताउनुभएको छ। भक्तपुरमा ४६औं नेपालभाषा साहित्य तःमुंज्या तथा सांस्कृतिक व्वज्याको समापन गर्दै उहाँले राजनीतिक क्षेत्रमा सफल हुन अरूको अनुभवबाट सिक्नुपर्ने बताउनुभयो।

उहाँले राजनीतिमा सक्रिय हुने व्यक्तिले समाजका समस्या बुझ्न, वास्तविकता पहिचान गर्न र त्यसको समाधान खोज्न आफैंले अध्ययन तथा अनुसन्धान गर्नुपर्ने बताउनुभयो। बिजुक्छेले राजनीतिक कार्यकर्ताको मूल्याङ्कन पार्टीको सदस्यताका आधारमा मात्र नभई उसको अध्ययन, अनुभव, अनुसन्धान र व्यवहारमा देखिने कार्यक्षमताका आधारमा हुनुपर्नेमा जोड दिनुभयो।

सम्मेलनमा किसान अगुवा मोहनबहादुर कुस्मा, लालाखिं गुरु मोतीबहादुर खायमली, समाजसेवी कृष्णदेवी वाडायो र सामाजिक अगुवा टेकबहादुर पलिखेललाई बिजुक्छेले नगदसहित दोसल्ला ओढाइ सम्मान गर्नुभएको थियो।

बिजुक्छेले साहित्यतर्फ कथा र कवितामा उत्कृष्ट हासिल गर्ने साहित्यकारलाई पुरस्कार वितरण गर्नुभयो। निर्णायक मण्डलको निर्णयअनुसार कवितातर्फ सकुन्तला महर्जन, हरिसुन्दर पोतामहाँ, शिल्पिया प्रजापति, ओमकृष्ण श्रेष्ठ क्रमशः प्रथम, द्वितीय, तृतीय र चौथो हुनुभयो। कथा विधातर्फ कमलकेशरी थ्याजु, सूर्यनारायण फाँजु, श्रीया पहिजु र एलके सुन्दर क्रमशः प्रथम, द्वितीय, तृतीय र चौथो स्थान हासिल गरेको घोषणा गरियो।

यसअघि पहिलो दिन शुक्रबार तःमुंज्याको मुखपत्रका रुपमा प्रकाशित तःमुंज्या ख्वपौंको विमोचन बिजुक्छेले गर्नुभएको

बाँकी अन्तिम पृष्ठमा

# जलवायु न्यायलाई प्राथमिकता दिन विश्वसमक्ष पूर्वराष्ट्रपति भण्डारीको जोड

काठमाडौं, ८ कात्तिक (रासस)।

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले नेपालका हालैका अकल्पनीय प्राकृतिक विपद्का घटनाले नेपालमा जलवायुको असरको अवस्थालाई पुनः उजागर गरेकाले नेपालको जलवायु न्यायको मागलाई गम्भीर रुपमा लिन विश्व समुदायसमक्ष आग्रह गर्नुभएको छ।

चाइना इन्स्टिच्युट अफ इन्टरनेसनल स्टडिजद्वारा चीनमा आयोजित सन् २०२६ को ग्लोबल गभर्नेन्स फोरम (स्योडआन) सम्मेलनलाई शनिबार सम्बोधन गर्दै उहाँले नेपालले प्राप्त गर्नुपर्ने जलवायु न्यायको अवस्था दर्शाउनुभएको उहाँको सचिवालयले जनाएको छ।

पूर्वराष्ट्रपति भण्डारीले विश्वव्यापी शासन जलवायु न्यायसँग प्रत्यक्ष रूपमा जोडिएको प्रसङ्ग उल्लेख गर्दै हिमालय क्षेत्रीय जलचक्र, जैविक विविधता र पर्यावरणीय सन्तुलनसँग जोडिएको साझा प्राकृतिक सम्पदा हो भन्नुभयो।

उहाँले भन्नुभयो, "यसको संरक्षण तथा जलवायु परिवर्तनका असर न्यूनीकरण र अनुकूलनका लागि चीन, नेपाल, भारतलगायत हिमाली देशहरूबीच मौसमसम्बन्धी तथ्याङ्क आदानप्रदान, हिमनदी अनुगमन, पूर्वसूचना प्रणाली र विपद् प्रतिकार्यमा सहकार्य विस्तार गर्न आवश्यक छ।"

उहाँले संयुक्त राष्ट्रसङ्घीय तथा अन्तरराष्ट्रिय वित्तीय संस्थाहरूको दीर्घकालीन र भरपर्दो सहयोग सुनिश्चित गर्दै जलवायु जोखिम न्यूनीकरणका लागि क्षेत्रीय तथा अन्तरराष्ट्रिय सहकार्य सुदृढ गर्नुपर्नेमा जोड दिनुभयो।

उहाँले भन्नुभयो, "नेपाल यस्तो विश्वव्यवस्थाको पक्षमा छ, जहाँ शक्ति होइन अन्तरराष्ट्रिय कानुनले सम्बन्धलाई निर्देशित गरोस्, सबै राष्ट्रको आवाजको सम्मान होस् र कमजोर तथा जोखिममा रहेका मुलुकका सरोकारले उचित स्थान पाउन् यसका लागि संयुक्त राष्ट्रसङ्घलाई समकालीन विश्वको विविधता र आकाङ्क्षा प्रतिविम्बित गर्ने प्रभावकारी संस्थाका रूपमा सुदृढ बनाउनु आवश्यक छ।"

शान्ति र विकास

एकअर्काका परिपूरक भएको उल्लेख गर्दै पूर्व राष्ट्रपति भण्डारीले गरिबी र भोकमरीको अन्त्य, मानव कल्याणको प्रवर्द्धन तथा हतियारको होडमा खर्च हुने स्रोतसाधनलाई विकासमा परिचालन गर्नु अन्तरराष्ट्रिय समुदायको साझा दायित्व भएको पनि स्पष्ट गर्नुभयो।

साथै सो सम्बोधनका क्रममा उहाँले समावेशी, उत्थानशील र वातावरणमैत्री विकासका लागि सहकार्यलाई थप प्रभावकारी बनाउनुपर्नेमा पनि जोड दिनुभयो। उहाँले भन्नुभयो, "गरिबी न्यूनीकरण, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य, रोजगारी, सामाजिक न्याय र वातावरण संरक्षण अन्तरराष्ट्रिय सहकार्यका प्रमुख प्राथमिकता बन्नुपर्छ।"

उहाँले नेपाल-चीन सम्बन्ध प्राचीनकालदेखि नै सांस्कृतिक आदानप्रदान, बौद्ध दर्शन र जनस्तरको आत्मीयताबाट विकसित हुँदै आएको पनि स्पष्ट गर्नुभयो। उहाँले विश्वमा हाल देखा परिरहेका साझा चुनौतीको समाधान कुनै एक राष्ट्रको प्रयासबाट सम्भव नहुने भन्दै यसका लागि संवाद, सहकार्य र सामूहिक प्रतिबद्धता आवश्यक रहेको उल्लेख गर्दै राष्ट्रसङ्घको बडापत्र, अन्तरराष्ट्रिय कानुन र बहुपक्षीयतामा आधारित विश्वव्यवस्थाले अन्तरराष्ट्रिय शान्ति, सुरक्षा र विकासमा महत्वपूर्ण योगदान गरेको पनि बताउनुभयो।

उक्त फोरमले विश्वव्यापी शासन प्रणालीलाई अझ न्यायपूर्ण, समावेशी र प्रभावकारी बनाउने दिशामा सार्थक विचारविमर्श अघि बढाउँदै विश्वशान्ति, दिगो विकास र साझा समृद्धिका लागि सहकार्यका नयाँ अवसर सिर्जना गर्ने विश्वास पनि व्यक्त गर्नुभयो।

# रियाद विमानस्थलमा उडान सुरु, हुथीद्वारा थप आक्रमणको चेतावनी

रियाद, ८ कात्तिक (रासस/एएफपी)।

यमनका हुथी विद्रोहीहरूले साउदी राजधानीमा आक्रमण गरेपछि दुई सातासम्म बन्द रहेको रियाद अन्तरराष्ट्रिय विमानस्थलमा आइतबारदेखि उडानहरू पुनः सुरु भएका छन्। यद्यपि, इरान समर्थित यस समूहले आगामी दिनमा थप आक्रमण हुन सक्ने चेतावनी दिएको छ।

'फ्लाइट राडार' नामक अनुगमन साइटले आइतबार बिहान रियाद विमानस्थलबाट एउटा विमान उडेर साउदी सहर जेद्दाह तर्फ गइरहेको देखाएको छ।

साउदी अरब र उसले समर्थन गरेको यमनको अन्तरराष्ट्रिय रूपमा मान्यता प्राप्त सरकारले, लामो समयदेखि कायम रहेको युद्धविराम यसै गर्मीयाममा भङ्ग भएपछि, हालैका साताहरूमा हुथी विद्रोहीहरूको निरन्तर आक्रमणको सामना गरिरहेका छन्।

यो द्वन्द्वले अमेरिका र इरानबीचको व्यापक टकरसिवको केन्द्रबिन्दुलाई यमनतर्फ मोडिदिएको छ र विश्वकै गरिब मुलुकहरूमध्ये एक यमनमा मानवीय सङ्कटलाई अझ गहिरो बनाएको छ।

रियादस्थित किङ खालिद अन्तरराष्ट्रिय विमानस्थलले शनिबार 'एक्स'मा पोस्ट गर्दै जानकारी दिएअनुसार, अक्टोबर २५, आइतबारदेखि लागू हुने गरी टर्मिनल (१) लाई आन्तरिक उडानहरूका लागि र टर्मिनल (२) लाई राष्ट्रिय वायुसेवा कम्पनीहरूद्वारा सञ्चालित अन्तरराष्ट्रिय उडानहरूका लागि तोकिएको छ।

हुथी विद्रोहीहरूले रियाद विमानस्थललाई लक्षित गरी पटक-पटक आक्रमण गरेका छन्। यसै महिना भएको एउटा आक्रमणमा १३ जनाको मृत्यु हुनुका साथै ३०० भन्दा बढी मानिस घाइते भएका थिए; यो साउदी अरबमा विगत एक दशकभन्दा बढी समययताकै सबैभन्दा घातक आक्रमण थियो।

हुथी विद्रोहीका सैन्य प्रवक्ता याह्या सारीले विमानस्थल अझै पनि असुरक्षित रहेको र यो एउटा सैन्य लक्ष्य भएको चेतावनी दिनुभएको छ।

उहाँले भन्नुभयो, "यमनी सशस्त्र बलहरूले सबै अन्तरराष्ट्रिय, क्षेत्रीय र स्थानीय वायुसेवा कम्पनीहरू, साथै त्यहाँका कर्मचारी र यात्रुहरूलाई रियादस्थित किङ खालिद विमानस्थल प्रयोग नगर्न चेतावनी दिन्छन्, किनकि यो असुरक्षित छ र हाम्रा सेनाका लागि सैन्य लक्ष्यको रूपमा रहेको छ।"

हुथी विद्रोहीहरूसँग लडिरहेको साउदी नेतृत्वको सैन्य गठबन्धनले आइतबार बिहान रियाद क्षेत्रमा दुईवटा ड्रोन खसालेको जनाएको छ।

# भारतको बाँध परियोजनाविरुद्ध प्रदर्शन, प्रहरीसँग झडप हुँदा ४० प्रहरी घाइते

नयाँदिल्ली, ८ कात्तिक (रासस/एएफपी)।

चीनसँग सीमा जोडिएको हिमालय क्षेत्रमा प्रस्तावित विशाल जलविद्युत् बाँध परियोजनाको विरोधमा उत्रिएका प्रदर्शनकारी र प्रहरीबीच भारतको अरुणाचल प्रदेशमा झडप भएको छ। सरकारी अधिकारीका अनुसार, प्रदर्शनकारीहरूले प्रहरी चौकी, सरकारी कार्यालय र जनप्रतिनिधिका घरमा तोडफोड गर्नुका साथै केही भवनमा आगजनी गरेका छन्।

मुख्यमन्त्री पेमा खाण्डुका अनुसार, सरकारी जलविद्युत् कम्पनी एनएचपीसीले निर्माण गर्ने प्रस्ताव गरेको ११ हजार २०० मेगावाट क्षमताको 'सियाङ अपर मल्टिपर्पज प्रोजेक्ट' विरुद्धको प्रदर्शनका क्रममा शुक्रबार राति हिंसा भड्किएको थियो।

खाण्डुले शनिबार पत्रकारहरूसँग भीडले ठूलो मात्रामा सम्पत्ति नष्ट गरेको बताउनुभयो। प्रदर्शनकारीहरूले प्रहरी चौकी र एनएचपीसीको कार्यालयमा तोडफोड गर्नुका साथै निर्वाचित जनप्रतिनिधिका घरमा लुटपाट गरेको उहाँले जानकारी दिनुभयो।

प्रदर्शनकारीले हानेको ढुङ्गा लागेर करिब ४० जना प्रहरी घाइते भएका छन्। भीडलाई नियन्त्रणमा लिन प्रहरीले अश्रुग्यास प्रहार गरेको थियो।

मुख्यमन्त्री खाण्डुले परियोजनाको विरोध गरिरहेका स्थानीयलाई हिंसाको बाटो त्यागेर सरकारसँग वार्ता गर्न आग्रह गर्नुभयो।

भारतले तिब्बतमा चीनले निर्माण गर्न लागेको विशाल जलविद्युत् परियोजनाको सम्भावित प्रभावलाई ध्यानमा राख्दै आफ्नो बाँध परियोजना आवश्यक रहेको बताउँदै आएको छ। करिब १६७ अर्ब अमेरिकी डलर लागत अनुमान गरिएको चिनियाँ परियोजना विश्वकै सबैभन्दा ठूलो जलविद्युत् आयोजना बन्न सक्ने बताइएको छ।

चिनियाँ बाँधका कारण ब्रह्मपुत्र नदीको तल्लो तटीय क्षेत्रमा पानीको बहाव प्रभावित हुन सक्ने भारतको चिन्ता छ। प्रस्तावित भारतीय बाँधमा विशाल जलाशय निर्माण गरी नदीमा पानीको बहाव कायम राख्न सकिने नयाँ दिल्लीको भनाइ छ। तर, बेइजिङले आफ्नो परियोजनाले तल्लो तटीय क्षेत्रमा कुनै नकारात्मक असर नपार्ने दाबी गरेको छ।

भारतको प्रस्तावित बाँध परियोजनाको स्थानीय समुदायले पनि विरोध गर्दै आएका छन्। परियोजना निर्माण भए आफूहरूले घर र जमिन गुमाउनुपर्ने उनीहरूको चिन्ता छ।

यस विवादले भारत र चीनबीच हिमालय क्षेत्रमा कायम सीमा तनावलाई थप उजागर गरेको छ। चीनले अरुणाचल प्रदेशलाई दक्षिणी तिब्बतको हिस्सा दाबी गर्दै आएको छ भने भारतले उक्त राज्य आफ्नो अभिन्न भू-भाग भएको बताउँदै आएको छ।

भारतको विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले शुक्रबार सीमा क्षेत्रमा तनाव व्यवस्थापन गर्न दुवै देशका अधिकारी नियमित सम्पर्कमा रहेको बताउनुभएको थियो।

उहाँका अनुसार, सीमा क्षेत्रमा चिनियाँ सेनाले नियमित गस्तीको स्थापित ढाँचाभन्दा फरक गतिविधि गर्दा बेलाबेलामा तनाव उत्पन्न हुने गरेको छ। दुवै पक्षले कूटनीतिक तथा सैन्य संयन्त्रमार्फत बाँकी विवाद समाधान गर्न र गलत बुझाइबाट उत्पन्न हुन सक्ने तनाव रोक्न प्रयास गरिरहेको उहाँले बताउनुभयो।

## विश्व समाचार

### युक्रेनले स्टारलिङ्कको सेवा सर्त उल्लङ्घन गरेको मस्कको आरोप

किएभ, ८ कात्तिक (रासस/एएफपी)।

अमेरिकी प्रविधि उद्यमी एलन मस्कले युक्रेनले स्टारलिङ्क स्याटेलाइट सञ्चार प्रणालीको प्रयोग गरी घातक ड्रोन आक्रमण गरेको आरोप लगाउनुभएको छ। युक्रेनी सेनाका लागि महत्वपूर्ण मानिने उक्त सञ्जालको सेवामा आएको अवरोधलाई लिएर वासिङ्टन र किएभबीच तनाव बढिरहेका बेला मस्कको यो भनाइ आएको हो।

मस्कले शनिबार सामाजिक सञ्जाल एक्समा लेख्दै युक्रेनी सेनाले स्टारलिङ्कको सेवा सर्त उल्लङ्घन गरी मानिसको ज्यान लिने उद्देश्यले ड्रोन आक्रमण गर्न प्रणालीको प्रयोग गरेको आरोप लगाउनुभयो। उहाँले उक्त कमजोरी गत हप्ता नै हटाइएको पनि दाबी गर्नुभयो।

"स्टारलिङ्कका सर्तहरू सधैँ यसलाई नागरिक सञ्चार प्रणालीका रूपमा प्रयोग गर्ने उद्देश्यमा आधारित छन्, हत्या गर्ने माध्यमका रूपमा होइन। सर्त उल्लङ्घन भएमा सेवा बन्द गरिनेछ," मस्कले अर्को पोस्टमा लेख्नुभएको छ।

यद्यपि, मस्कले युक्रेनको रक्षाका लागि स्टारलिङ्क अझै पनि अत्यन्त महत्वपूर्ण रहेको बताउनुभयो। उहाँका अनुसार, तत्काल अवरुद्ध पार्न वा नष्ट गर्न कठिन भएकाले यो प्रणाली युक्रेनी सेनाका लागि निर्णायक छ। "स्टारलिङ्क बन्द भएमा युक्रेनको अग्रपंक्ति तत्कालै ढल्नेछ," उहाँले भन्नुभयो।

सन् २०२२ मा रुसले युक्रेनमाथि आक्रमण सुरु गरेयता मस्कले युक्रेनप्रतिको आफ्नो धारणा पटक-पटक परिवर्तन गर्दै आउनुभएको छ। उहाँले स्टारलिङ्क सेवामा आउने अवरोधका लागि स्पेसएक्सभन्दा अमेरिकी सरकार जिम्मेवार रहेको दाबी पनि गर्दै आउनुभएको छ।

रुसी क्षेप्यास्त्र तथा ड्रोन आक्रमणको सामना गरिरहेको युक्रेनले सैन्य सञ्चार, निगरानी र अन्य सञ्चालनका लागि नागरिक प्रयोजनको स्टारलिङ्क तथा सैन्य प्रयोजनका लागि विकसित स्टारशिल्ड प्रणालीमा निर्भर रहँदै आएको छ।

युक्रेनका रक्षामन्त्री येभगेनी खमाराले शनिबार निगरानी प्रणालीहरूले स्टारलिङ्क र स्टारशिल्डको गतिमा सुधार देखाएको बताउनुभएको छ। उहाँका अनुसार, प्रणालीको गति प्रतिघण्टा ४०० किलोमिटरभन्दा बढी पुगेको छ र सञ्चार सम्पर्क स्थिर रहेको छ।

"यो उपलब्धि हाम्रो अग्रपंक्ति, सैनिक, ड्रोन सञ्चालन, रसद व्यवस्थापन र सञ्चारका लागि अत्यन्त महत्वपूर्ण छ," खमाराले भन्नुभयो।

उहाँले आवश्यक गति पुनः प्राप्त भएको र सेवा पुनःस्थापनाको काम रातिदेखि नै सुरु गरिएको पनि बताउनुभयो। युक्रेनी सेनाका लागि अग्रपंक्तिमा रसद व्यवस्थापन गर्न र रकेटबाट चल्ने ड्रोनको खतरासहितका आक्रमणबाट देशको रक्षा गर्न यो सुधार महत्वपूर्ण रहेको उहाँको भनाइ थियो।

स्टारलिङ्क सञ्जाल पछिल्लो समय युक्रेन र अमेरिकाबीचको विवादको प्रमुख विषय बनेको छ। युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले वासिङ्टनले रुसलाई फाइदा पुग्ने गरी काम गरेको आरोप लगाउनुभएको थियो। उहाँका अनुसार, अमेरिकाले युक्रेनतर्फ लक्षित क्षेप्यास्त्र आक्रमणबारे समयमै पूर्वसूचना नदिएको र स्टारलिङ्कको गति सीमित पारेको कारण युक्रेनको सैन्य प्रतिकार्य कमजोर भएको थियो।

रक्षामन्त्री खमाराले यस विषयमा जेलेन्स्कीले लिएको 'दृढ अडान' को प्रशंसा गर्दै त्यसले सकारात्मक नतिजा दिइरहेको बताउनुभएको छ।

### निर्वाचनका दिन वेस्ट बैंकका सबै स्थल मार्ग बन्द गर्ने इजरायलको घोषणा

हेब्रोन, ८ कात्तिक (रासस/एएफपी)।

इजरायलले आगामी अक्टोबर २७ मा हुने निर्वाचनका दिन वेस्ट बैंकसँग जोडिएका सबै स्थल मार्ग बन्द गर्ने घोषणा गरेको छ। प्यालेस्टिनी बन्दुकधारीको आक्रमणमा दुई इजरायली सैनिक मारिएपछि इजरायलले उक्त क्षेत्रमा सैन्य कारबाही तीव्र बनाएको हो।

इजरायली सेनाले हेब्रोन सहरमा प्रवेश गरी करिब दुई हजार प्यालेस्टिनी बासिन्दालाई विस्थापित गराएको भोलिपल्ट उक्त घोषणा गरेको हो। रक्षामन्त्री इजरायल काट्जले हमाससँग सम्बन्धित समस्या समाधान नभएसम्म विस्थापितहरूलाई घर फर्कन नदिइने बताउनुभएको छ।

त्यस्शुक्रबार प्यालेस्टिनी सहरनजिकैको जाँच चौकीमा भएको आक्रमणमा दुई इजरायली सैनिकको मृत्यु भएको थियो भने अन्य तीन जना घाइते भएका थिए। हमासले आक्रमणको जिम्मेवारी नलिए पनि त्यसको प्रशंसा गरेको छ।

प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले आक्रमणमा सङ्लग्न पक्षले ठूलो मूल्य चुकाउनुपर्ने चेतावनी दिनुभएको छ। उहाँले सन् १९६७ मा इजरायलले वेस्ट बैंक कब्जा गरेयताकै ठूलो स्तरको सैन्य कारबाही गर्ने सङ्केत गर्नुभएको छ। इजरायली सेनाका अनुसार आइतबारदेखि प्यालेस्टिनी कामदारलाई वेस्ट बैंकका इजरायली बस्ती, औद्योगिक क्षेत्र तथा जोर्डन उपत्यकामा प्रवेश गर्न रोक लगाइनेछ। निर्वाचनको दिन सबै स्थल मार्ग बन्द रहनेछन्।

यसैबीच, प्यालेस्टिनी प्राधिकरणले सैन्य कारबाहीबाट प्रभावित नागरिकको सुरक्षाका लागि इजरायलमाथि अन्तरराष्ट्रिय दबाब बढाउन आह्वान गरेको छ। इजरायली सेनाले शुक्रबार र शनिबार वेस्ट बैंकका ४० स्थानमा कारबाही गरेको जनाएको छ। सेनाका अनुसार हमास र इस्लामिक जिहादजस्ता सङ्गठनसँग आबद्ध व्यक्तिसहित करिब ४० जना शङ्कास्पद व्यक्तिलाई पक्राउ गरिएको छ।

हेब्रोनको एन देर बहा क्षेत्रमा सैनिकहरूले राति लाउडस्पीकरमार्फत बासिन्दालाई घर खाली गर्न निर्देशन दिएका थिए। स्थानीय ७० वर्षीय पसल सञ्चालक हिगाजी शावर अल-तमिमीका अनुसार उहाँकी ९० वर्षीया बिरामी सासुलाई समेत बोकेर सुरक्षित स्थानमा लैजानुपरेको थियो।

इजरायलका दक्षिणपन्थी अर्थमन्त्री बेजालेल स्मोट्रिचले गोलीकाण्डपछि अवैध संरचना भत्काउने आदेश दिएको बताउनुभएको छ। उहाँले आक्रमणमा सङ्लग्न पक्षले त्यसको गम्भीर परिणाम भोग्नुपर्ने चेतावनी दिनुभएको छ। इजरायली सेनाले कारबाही केही दिनसम्म चल्ने जनाएको छ। तर, नेतान्याहुको पछिल्लो अभिव्यक्तिले वेस्ट बैंकमा थप व्यापक सैन्य अभियान हुन सक्ने सङ्केत गरेको छ।

# उच्च शिक्षामा पहुँचका लागि स्वजाति माझ चेतना जगाउनमा जोड



**दैनिक समाचारदाता**
**राजविराज, ८ कात्तिक ।** नेपाल कुशवाहा कल्याण समाज सप्तरीले वडा दशैं, तिहार र छठ पर्वको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न गरेको छ ।

जिल्लाको रुपनी गाउँपालिका वडा नं. ६ स्थित लवकुश मन्दिर प्राङ्गणमा शनिबार सम्पन्न शुभकामना आदान प्रदान कार्यक्रममा वक्ताहरुले स्वाजातिलाई अगाडी बढाउन सम्पूर्ण कुशवाहा समाज अग्रसर हुनुपर्नेमा जोड दिएका छन् ।

कुशवाहा बुद्धिजिवि समाजका सप्तरी अध्यक्ष योगेन्द्र प्रसाद मेहताको प्रमुख आतिथ्य तथा जिल्ला अध्यक्ष रामनारायण मेहताको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वक्ताहरुले कुशवाहा समाजलाई जिल्लाको सबै पालिकामा बिस्तार गर्दै उच्च शिक्षामा पहुँचका लागि स्वजाति माँझ चेतना जगाउने कार्यलाई अग्रसरता दिन जोड दिए ।

कार्यक्रममा वक्ताहरुले दशैं, तिहार र छठ पर्वको अवसरमा शुभकामना दिदै समाजलाई अगाडी बढाउन नयाँ नयाँ कार्यक्रम लिएर अगाडी बढ्न नवनिर्वाचित कार्यसमितिलाई सुझाव समेत दिए ।

कुशवाहा समाजका पूर्वअध्यक्ष हंशनारायण मेहता, हरि नारायण महतो, जितेन्द्र प्रसाद सिन्हा विशिष्ट अतिथि रहेका कार्यक्रममा कुशवाहा विद्यार्थी समाजका अध्यक्ष प्रदिप मेहता, समाजका पूर्वकेन्द्रिय सदस्य मनोज कुमार मेहता, उपत्यका कार्यसमितिका कोषाध्यक्ष शान्ता मेहता, कुशवाहा महिला समाजकी अध्यक्ष रिका मेहता तथा विभिन्न पालिकाका अध्यक्ष तथा सचिवहरुले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । ओमप्रकाश मेहताद्वारा संचालित कार्यक्रममा गिरधर मेहताले स्वागत मन्तव्य राखेका थिए ।

# महिलामाथि सामूहिक बलात्कार घटनामा संलग्नहरु उपर प्रहरीमा किटानी जाहेरी

**दैनिक समाचारदाता**
**राजविराज, ८ कात्तिक ।** सप्तरीमा २५ वर्षीया एक दलित महिलामाथि सामूहिक बलात्कारको घटना सार्वजनिक भएको छ ।

जिल्लाको सुरुङ्गा नगरपालिकाकी ती दलित महिलामाथी सामूहिक बलात्कार भएको घटना सम्बन्धमा इलाका प्रहरी कार्यालय कडरबोनामा पीडित परिवारजनले किटानी जाहेरी दिएपछी घटना सार्वजनिक भएको हो ।

प्राप्त जानकारी अनुसार गत बुधबार राति करिब साढे ९ बजे स्थानीय मदरसा नजिकैको आँप बगानमा उक्त घटना भएको हो । घटनामा संलग्न तीन जना स्थानीय युवकविरुद्ध पीडित परिवारले बिहीबार प्रहरीमा जाहेरी दिएका थिए ।

घटना विवरण अनुसार गाउँमा आयोजित दुर्गा पूजाको मूर्ति जलप्रवाहका लागि बलान नदी लगिएको थियो । मूर्ति विसर्जनपछि फर्किने क्रममा ट्याक्टरमा डिजेल सकिएर गाडी बाटोमै रोकिको थियो । सो ट्याक्टरमा रहेकी ती महिला एक्लै पैदल घरतर्फ जाँदै थिइन् । सोही क्रममा बाटो छेउमा बसिरहेका तीन जना युवकहरूले नियन्त्रणमा लिई मुख थुनेर नजिकैको आँपको बगानमा पुर्‍याएर करणी गरेको पीडितको जाहेरीमा उल्लेख छ ।

आरोपितहरूले धाकधम्की दिँदै जबरजस्तीकरणी गरेर महिलालाई घटनास्थलमै बेहोस अवस्थामा छाडेर फरार भएका थिए । अबेरसम्म घर नपुगेपछि खोजतलास गर्दै आएका स्थानीयवासी र आफन्तले उनलाई घटनास्थलबाट उद्धार गरेका थिए ।

यता, घटना सम्बन्धमा पीडित पक्षले इलाका प्रहरी कार्यालय कडरबोनामा किटानी जाहेरी दिएको जनाउँदै घटनाको संवेदनशीलतालाई ध्यानमा राख्दै पीडितको स्वास्थ्य परीक्षण तथा घटनास्थल मुचुल्काको काम अगाडि बढाएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जानकारी दिएको छ ।

प्रहरी उपरिक्षक रुपक खड्काका अनुसार घटनामा संलग्न संदिग्ध युवकहरूको पहिचान भइसकेको र उनीहरूको खोजी कार्य तीव्र पारिएको छ । अनुसन्धान प्रभावित हुन नदिन र आरोपीहरू भाग्न नपाऊन् भनेर प्रहरीले थप विवरण गोप्य राखी सूक्ष्म रूपमा अनुसन्धान अगाडि बढाएको उनले बताए ।

# श्रीमान् श्रीमती मृत फेला, चार वर्षिय छोरामाथी धारिलो हतियार प्रहार

**दैनिक समाचारदाता**
**जनकपुर, ८ कात्तिक ।** धनुषाको मिथिला बिहारी नगरपालिका ३ मथिलेश्वरमा आइतबार श्रीमान् श्रीमती मृतावस्थामा फेला परेका छन् ।

माइतीघरमा बस्दै आएकी ३० वर्षीया रीना देवी यादवको घाँटीमा धारिलो हतियार प्रहार भएको घाउ देखिएको तथा उनीहरुको हत्या भएको हुनसक्ने प्रहरीले आशंका गरेको छ ।

उनका श्रीमान् ३५ वर्षीय उमेश यादव घरदेखि करिब एक किलोमिटर टाढा रूखमा झुण्डिएको अवस्थामा आइतबार बिहान मृत फेला परेको जिल्ला प्रहरी कार्यालय धनुषाको प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिए ।

मिथिला बिहारी ४ भरतपुर निवासी उमेश केही दिनअघि मात्रै वैदेशिक रोजगारीबाट घर फर्किएका थिए । उनी घटनाको अघिल्लो दिन मात्रै ससुराली पुगेका थिए ।

यता मृतक दम्पतीका चार वर्षीय छोराको एउटा तिघ्रामा पनि धारिलो हतियार प्रहार भएको घाउ देखिएको प्रहरीले जनाएको छ । घटनाको कारण तथा मृत्युको परिस्थितिबारे प्रहरीले अनुसन्धान गरिरहेको जनाएको छ ।

# ढल्केवरमा क्रिटिकल केयर तथा ट्रमा सेन्टरको छिट्टै शिलान्यास हुने : मन्त्री मेहता

**दैनिक समाचारदाता**
**जनकपुर, ८ कात्तिक ।** स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले धनुषाको ढल्केवरमा स्वीकृत क्रिटिकल केयर तथा ट्रमा सेन्टरको छिट्टै शिलान्यास हुने बताएकी छिन् ।

ट्रमा सेन्टर निर्माणका लागि प्रस्तावित जग्गाको आइतबार स्थलगत निरीक्षण गर्दै मन्त्री मेहताले उक्त आयोजना सरकारको बहुवर्षीय योजनामा समावेश भइसकेकोले निर्माणस्थलको निरीक्षणबाट आवश्यक तयारी उपयुक्त देखिएको बताइन् ।

निर्माणको टेन्डरसम्बन्धी कागजात स्वास्थ्य मन्त्रालयबाट हस्ताक्षर भएर पूर्वाधारसम्बन्धी निकायमा पठाइसकिएको र प्रक्रिया पूरा भएपछि टेन्डर आह्वान हुने र त्यसपछि निर्माणको काम अघि बढ्ने जनाइन् ।

निरीक्षणका क्रममा प्रतिनिधिसभा सदस्य राजकिशोर महतोले भवन निर्माणको काम सुरु भएपछि मात्रै स्थानीयवासी विश्वस्त हुने बताए ।

स्थानीयवासीले लामो समयदेखि ट्रमा सेन्टर निर्माणको आश्वासन पाउँदै आए पनि काम सुरु नभएकाले आयोजना कार्यान्वयनप्रति आशङ्का व्यक्त गर्दै आएका छन् ।

# स्कुटरको ठक्करबाट पैदलयात्रीको मृत्यु

**दैनिक समाचारदाता**
**उदयपुर, ८ कात्तिक ।** उदयपुरको त्रियुगा नगरपालिका ११ स्थित संगम टोलमा स्कुटरको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ ।

शनिबार बेलुकी इनार चोकबाट पिपलचोकतर्फ जाँदै गरेको प्रदेश ३-०२-०१२प.४८२२ नम्बरको स्कुटरले पैदल हिँडिरहेका रामबहादुर कार्कीलाई ठक्कर दिएको थियो ।

स्कुटरको ठक्करबाट गम्भीर घाइते भएका कार्कीलाई उपचारार्थ जिल्ला अस्पताल पुर्‍याए लगत्तै चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक राजन चापागाईले जानकारी दिए ।

प्रहरीले स्कुटर र चालक त्रियुगा ११, ढिम्की निवासी दिलीप केसीलाई नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# पोलियोमुक्त अवस्था कायम राख्न निरन्तर प्रयास आवश्यक

काठमाडौं, ८ कात्तिक (रासस) । विश्व स्वास्थ्य सङ्गठनको दक्षिण-पूर्वी एसिया क्षेत्रीय पोलियो उन्मूलन प्रमाणीकरण आयोगका अध्यक्ष प्रा डा सृजना श्रेष्ठले नेपालको पोलियोमुक्त अवस्था कायम राख्न निरन्तर प्रयास आवश्यक रहेको बताउनुभएको छ ।

विश्व पोलियो दिवस, २०२६ का अवसरमा शनिबार भिडियो सन्देश जारी गर्दै उहाँले नेपालले पोलियो उन्मूलनमा हासिल गरेको उपलब्धि उल्लेखनीय भए पनि त्यसलाई सधैं कायम राख्न निरन्तर प्रयास गर्नुपर्ने बताउनुभएको हो ।

विश्वको कुनै पनि ठाउँमा पोलियो भाइरसको सङ्क्रमण रहँदासम्म नेपालमा पनि यो रोग भित्रिने जोखिम रहने उल्लेख गर्दै उहाँले खुला सिमाना र मानिसको आवागमनका कारण निरन्तर सतर्कता अपनाउनुपर्नेमा जोड दिनुभयो ।

उहाँले नेपालको पोलियोमुक्त अवस्था कायम राख्न पाँच प्रमुख प्राथमिकता उल्लेख गर्नुभएको छ । पहिलो, नियमित खोप सेवा पुर्‍याउने, विशेषगरी दुर्गम तथा जोखिममा रहेका क्षेत्र र समुदायका प्रत्येक बालबालिकाले पूर्ण खोप प्राप्त गर्ने सुनिश्चितता गर्नुपर्ने उहाँको भनाइ छ ।

यसैगरी, पोलियो भाइरसको समयमै पहिचानका लागि अति शीघ्र लुलोपनको निगरानीलाई प्रभावकारी बनाउने, पोलियो भाइरस पहिचान भएको अवस्थामा शीघ्र र प्रभावकारी प्रतिकार्य सुनिश्चित गर्न नियमित निगरानी समीक्षा हुनु आवश्यक रहेको उहाँको भनाइ छ ।

डा श्रेष्ठले पोलियोसम्बन्धी विश्वव्यापी वित्तीय सहयोगको परिवर्तित परिप्रेक्ष्यमा खोपबाट बचाउन सकिने रोगको निगरानी, प्रयोगशाला सेवा, खोप कार्यक्रम तथा प्रकोप प्रतिकार्यसम्बन्धी अत्यावश्यक क्षमता र संरचनाको संरक्षण गर्नुपर्ने बताउनुभयो ।

उहाँले पोलियो उन्मूलनबाट प्राप्त अनुभव, विशेषज्ञता र संरचनाको सदुपयोग गर्दै अन्य खोपबाट बचाउन सकिने रोगको निगरानी तथा प्रतिकार्य प्रणालीलाई सुदृढ बनाउनुपर्नेमा जोड दिनुभयो ।

नेपालमा राष्ट्रिय खोप तालिका अनुसार बालबालिकाहरूलाई ओरल र इन्जेक्टेबल दुवै प्रकारका पोलियो खोप नियमित रूपमा प्रदान गरिँदै आएको छ ।

## *एनपिएलको ...*

लाखले बढाइएको नेपाल क्रिकेट सङ्घ (क्यान) ले आइतबार यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिएको हो ।

प्रतियोगितामा दोस्रो स्थान हासिल गर्ने टोलीले रु ८० लाख, तेस्रो हुने टोलीले रु ४० लाख र चौथो स्थानमा रहने टोलीले रु ३० लाख पाउने क्यानका कोषाध्यक्ष पदमबहादुर खड्काले जानकारी दिनुभयो ।

गत संस्करणमा लुम्बिनी लायन्सले उपाधिसँगै रु एक करोड १० लाख पुरस्कार पाएको थियो । यसपटक विजेताको पुरस्कार राशि बढाइएसँगै प्रतियोगिताको प्रतिस्पर्धात्मक आकर्षण र व्यावसायिक महत्त्व थप बढ्ने क्यानको अपेक्षा छ ।

एनपिएलको तेस्रो संस्करण सोमबारदेखि कीर्तिपुरस्थित त्रिवि अन्तरराष्ट्रिय क्रिकेट मैदानमा सुरु हुँदैछ । यसपटक पनि प्रतियोगितामा आठ वटा टोलीको सहभागिता रहनेछ ।

## *पटका तस्करीका ...*

रुपैयाँ बराबरको पटका बरामद गरेको छ । पक्राउ परेका यादवलाई इलाका प्रहरी कार्यालय कडबोनामा राखेर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रमुख एसपी रूपक खड्काले जानकारी दिए ।

घटनामा संलग्न रहेको आरोप लागेका देवकुमार यादवसहित अन्य व्यक्तिको खोजी भइरहेको उनले बताए ।

यसअघि गत असारमा पनि सोही प्रहरी चौकीमा कार्यरत तत्कालीन इन्चार्ज असई रामकुमार यादवमाथि तस्कर समूहले कुटपिट गरेका थिए ।

## *'राजनीतिकर्मी ...*

थियो भने हरिबहादुर श्रेष्ठ (नारायणमान बिजुक्छे)द्वारा लिखित 'नयाँ पुस्ता' पुस्तक वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीले गर्नुभएको थियो ।

सम्मेलनमा नेमकपाका अध्यक्ष नारायणमान बिजुक्छे, नेमकिपाका केन्द्रीय सचिव प्रेम सुवाल, भक्तपुर नगरपालिकाका प्रमुख सुनील प्रजापति, नेमकिपा केन्द्रीय सदस्य नन्दबहादुर शाही, वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारी, जलस्रोतविद् रतन भण्डारी, डा धनरत्न शाक्य, डा सरोज धिताल, डा तारालाल श्रेष्ठ तथा साहित्यकार हरिहर तिमल्सिना, अभय श्रेष्ठ र कृष्णकुमार वैद्यलगायत विभिन्न क्षेत्रका विज्ञ तथा साहित्यकारले साहित्यको महत्त्वमाथि प्रकाश पार्नुभएको थियो ।

'जनता म्वाःसा भाषा म्वाई' अर्थात् 'जनता बाँचे भाषा बाँच्छ' भन्ने मूल नाराका साथ भक्तपुर नगरपालिका-७, गोमारीस्थित यातामा आयोजित दुईदिने साहित्य सम्मेलनमा नेपालभाषा, साहित्य, कला, संस्कृति र समसामयिक सामाजिक तथा राजनीतिक विषयमा अन्तरक्रिया गरिएको थियो ।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*